# जीतपुरसिमरा उपमहानगरपालिका, नगरकार्यपालिकाको
# एकतिसौं बैठक

आज मिति २०७५।१०।०७ गते सोमवार दिउसो १२:३० बजे यस जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको एकतिसौं बैठक नगरप्रमुख डा.कृष्ण प्र. पौडेलज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी प्रस्तावित विषयहरुमा छलफल गरीयो ।

**उपस्थिति**

श्री डा. कृष्ण प्र. पौडेल, प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री सरस्वती चौधरी, उप-प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री हिरा ब. गुरुङ्ग, वडाध्यक्ष-१

श्री तिलक ब. श्रेष्ठ, वडाध्यक्ष-२

श्री जगन्नाथ घिमिरे, वडाध्यक्ष-३

श्री भोज ब. खत्री, वडाध्यक्ष-४

श्री मोहित चौधरी, वडाध्यक्ष-५

श्री कैमुदिन अंसारी, वडाध्यक्ष-६

श्री रामबाबु प्रसाद कलवार, वडाध्यक्ष-७

श्री रामबाबु राउत कुर्मी, वडाध्यक्ष-८

श्री प्रभु नाथ प्रसादचौधरी, वडाध्यक्ष-९

श्री सरोज कुमार राउत, वडाध्यक्ष-१०

श्री बिनोद प्रसाद यादव, वडाध्यक्ष-११

श्री लालबाबु प्रसाद चौधरी, वडाध्यक्ष-१२

श्री राजेन्द्र प्रसाद सिंह थारु, वडाध्यक्ष-१३

श्री रामशरण बर्तौला, वडाध्यक्ष-१४

श्री राम प्रसाद लामिछाने, वडाध्यक्ष- १५

श्री केदारनाथ बजगाई, वडाध्यक्ष- १६

श्री नवराज बहादुर खड्का, वडाध्यक्ष- १७

श्री अर्जुन प्रसाद दाहाल, वडाध्यक्ष- १८

श्री सुधन दास तत्मा, वडाध्यक्ष- १९

श्री रसुल मिया अंसारी, वडाध्यक्ष- २०

श्री कृष्ण बहादुर ठकुरी, वडाध्यक्ष- २१

श्री मणीकलाल थिङ्ग तामाङ्ग, वडाध्यक्ष- २२

श्री असलम देवान, वडाध्यक्ष- २३

श्री इलीयास देवान, वडाध्यक्ष- २४

श्री सुमित्रा कार्की, कार्यपालिका सदस्य

श्री रामदुलारी चौधरी, कार्यपालिका सदस्य

श्री सुन्दर बहादुर सुनार, कार्यपालिका सदस्य

श्री श्याम सुन्दर पासवान, कार्यपालिका सदस्य

श्री राजकुमार महरा, कार्यपालिका सदस्य

श्री अनिता देवी चौधरी, कार्यपालिका सदस्य

श्री सुभद्रा न्यौपाने, कार्यपालिका सदस्य

श्री कमल चौधरी, कार्यपालिका सदस्य

श्री शिवराज सेढाई – स.सचिव

## अन्य उपस्थिती

श्री पवन कुमार अधिकारी, लेखा अधिकृत

श्री सन्तोष चौधरी, शाखा अधिकृत

ई. श्री- रामनरेश यादव

श्री वीरेन्द्र वाईबा, ना.सु.

**कार्यपालिकाको एकतीसौं वैठकका प्रस्तावहरु:**

१. रिपोर्टिङ्ग तथा कार्य प्रगति

२. निर्वाचन क्षेत्र विशेष कार्यक्रम

३. सशर्त अनुदान बजेट

४. नगरस्तरीय विषयगत समितिका निर्णय

५. विविध:

१) नगर प्रमुख श्री डा. कृष्ण प्र. पौडेल र नि. प्रमुख प्रशासकीय अधिकृत श्री शिवराज सेढाईंबाट उपमहानगरपालिकाको समग्र गतिविधि, प्रशासनिक काम कारवाही तथा योजना सञ्चालन सम्बन्धी विवरण प्रस्तुत भयो ।

२) प्रतिनिधिसभा निर्वाचन क्षेत्र न. ३ र ४ को संसदीय विकास कोषमार्फत जीतपुरसिमरा उपमहानगरपालिकाभित्रका योजनाहरुलाई संसदीय विकास कोषको कार्यविधि अनुसार काम अघि बढाउने निर्णय गरियो ।

३) शिक्षा, स्वास्थ्य, कृषि, पशुसेवा, महिला बालबालिका तथा अन्य क्षेत्रमा रहेका सशर्त अनुदानका बजेटको कार्यान्वयन प्रक्रियालाई प्रभावकारी रुपमा अघि बढाउने निर्णय गरियो । उक्त कार्यका लागि विषयगत समितिसंग संयोजन गरिनेछ ।

४) सामाजिक विकास समिति, कृषि सहकारी तथा भूमि व्यवस्थापन समिति र पूर्वाधार विकास समितिका वैठकहरुको वारेमा जानकारी गराइयो र उक्त समितिका निर्णयहरुलाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

५) विविध:

क. सिमरा रंगशालामा माघ ३ गतेदेखि सञ्चालनमा रहेको दशौं सिमरा गोल्डकप प्रतियोगिता सञ्चालनमा उपमहानगरपालिकाको भूमिकालाई आत्मसात गर्दै दोस्रो पुरस्कार राशी बराबर रु. ३ लाख सहयोग गर्ने निर्णय गरियो ।

ख. मीना बजारमा रहेको शर्टर कवलको सन्दर्भमा छ लेन सडकमा परेका शर्टरहरु व्यवस्थापनका लागि पेश भएबमोजिमको प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरियो ।

ग. जीतपुरसिमरा १ सिमरास्थित होटल तथा पर्यटन सहकारी संस्था लिमिटेड र जीतपुरसिमरा १३ पोतास्थित बालाजी कृषि सहकारी संस्था लिमिटेड दर्ताका लागि आवेदन प्रस्तुत भएकोमा सैद्धान्तिक स्वीकृति प्रदान गर्दै दर्ता प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

घ. जीतपुरसिमरा उपमहानगरपालिकाको जीतपुरमा प्रस्तावित २ सय शैय्याको अस्पताल निर्माणका क्रममा तहां लामो समयदेखि जमिन जोतिरहेका स्थानीयवासीहरु श्री निरञ्जन सिंह चनउ, श्री मञ्जु सिंह चनउ, श्री विजयकुमार चनउ र श्री चन्द्रबहादुर सिंह चनउले दिएको निवेदन अनुसार अस्पताल निर्माण भई सञ्चालनमा आएपछी निजहरुका परिवारबाट योग्यता क्षमताका आधारमा एक एक जनालाई रोजगारीमा प्राथमिकताको पहल गर्ने निर्णय गरियो ।

ङ. जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. २४ मा किशोरी सम्वाद समूहको विशेष कार्यक्रम अन्तर्गत लागत सहभागितामा हुने गरी तर्बुजा खेतीका लागि रु २२,०००।०० मांग भएकोमा अर्ग्यानिक खेती शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

च. राजस्व प्रक्षेपण तथा आवश्यक विधेयक, नियमावली तथा कार्यविधि तर्जुमाको काम अघि बढाउने निर्णय गरियो ।

छ. तपसिलका योजनाहरुको हकमा १० (दश) प्रतिशत नगद सहभागिता अनिवार्य नगर्ने निर्णय गरियो:

अ. मर्मत सम्भार

आ. भवन निर्माण (विद्यालय र क्याम्पस)

ज. वडाहरुमा प्रशासनिक खर्चस्वरुप प्रतिमहिना रु. १०,०००।०० सवारीसाधन उपलब्ध भएका कार्यपालिका सदस्यलाई ईन्धनस्वरुप १० लीटर र सवारीसाधन उपलब्ध नभएका कार्यपालिका सदस्यलाई यातायात खर्चवापत रु. २,०००।०० उपलब्ध गराउने निर्णय गरियो । साथै सवारी साधन (मोटरसाइकल) को मर्मत वापत वार्षिक अधिकतम रु. ५,०००।०० उपलब्ध गराउने निर्णय गरियो ।

झ. विभिन्न वडाहरुवाट प्राप्त सिफारिशको आधारमा तपसिल बमोजिम योजना संशोधन गर्ने निर्णय गरियो । माघ मसान्तपछी योजनाहरु संशोधन नगर्ने निर्णय गरियो:

| क. सं. | साविक योजना | रकम रु. | संशोधित योजना | रकम रु. | वडा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | वाह्य खोप क्लिनिक | १,००,००० | वैद्यनाथ महतोको घरछेउ धर्मशाला | ६,६०,००० | २३ | |
| | कृषि अनुसन्धान केन्द्र नजिक शिव मन्दिर शौचालय | ६०,००० | | | | |
| | वैद्यनाथ महतोको घरछेउ धर्मशाला | ५,००,००० | | | | |
| २. | माटो पुर्ने तथा ग्राबेल (२०७४।०७५) | ५,००,००० | बाटो मर्मत कार्य | ४,००,००० | २३ | |
| ३. | बाटो मर्मत कार्य | ३,००,००० | इदगाह निर्माण | ४,००,००० | २३ | |
| ४. | स्मशान घाट निर्माण (२०७४।०७५) | ५,००,००० | स्वास्थ्यचौकी शेड निर्माण | ५,००,००० | ७ | |
| ५. | महन्थ धोबीको घरदेखि भोला अन्सारीको ग्वाससम्म पक्की नाला निर्माण | २०००,००० | महन्थ धोबीको घरदेखि भोला अन्सारीको ग्वाससम्म पक्की नाला निर्माण | १६००,००० | २४ | |
| ६. | विद्युतीकरण | ६,००,००० | विद्युतीकरण | १०,००,००० | | |